नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाई

## सिन्धुपाल्चोक

## कार्यक्रम/क्रियाकलापहरू संचालनका लागि सूचि दर्ता तथा आवेदन प्रस्ताव आव्हान सम्बन्धि सूचना ।

**सूचना प्रकाशित मितिः २०८१/०५/१९**

प्रधानन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई सिन्धुपाल्चोकको आ.ब.२०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिम तपसिलका क्षेत्रहरूमा तोकिएका कार्यक्रम/क्रियाकलापहरू सञ्चालन गर्न ईच्छुक कृषक समूह/सहकारी/उपभोक्ता समिति/उद्योग/कम्पनी/फर्महरूहरूकालागि परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को परिच्छेद ४ को ४.३.११ (क) र ४.४.११ (क) सँग सम्बन्धित अनुसूचि ९ बमोजिम आवेदन प्रस्ताव आब्हान सम्बन्धि यो सूचना प्रकाशन गरिएको छ । कार्यक्रम संचालन गर्न चाहने इच्छुक संस्थाहरूले सम्बन्धित जोन/सुपरजोन विकास कार्यक्रममा सूचिकृत भई यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन (मिति २०८१/०६/१८ गते) भित्र चौतारा, सिन्धुपाल्चोक स्थित यस कार्यालय वा गोदामचोक, बनेपा, काभ्रे स्थित सम्पर्क कार्यालयमा म्यानुअलको परिच्छेद ४ को अनुसूचि १० बमोजिमको रितपूर्वक भरिएको आवेदन प्रस्ताव फाराम अन्य आवश्यक कागजातहरू सहित पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै कार्यक्रम संचालनकोलागि न्यूनतम मापदण्ड, अनुदान सहयोगको सिमा, शर्त, कार्यान्वयन हुने प्रकृया र चरणहरू लगायत आवश्यक जानकारी चाहिएमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल - २०७७, कार्यालयको वेवसाईट हेर्नुहुन वा कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

**तपसिल : कार्य क्षेत्रहरु**

| क्र.स. | जोन/सुपरजोनको नाम | जिल्ला | कार्यक्षेत्रहरु : कार्यक्रम संचालन हुने स्थानिय तहको नाम र वडाहरु | सूचिकृत भई कार्यक्रम प्रस्ताव गरेकोजोन/सुपरजोन (√ चिन्ह लगाउनुहोस) | कैफियत |
|---|---|---|---|---|---|
| १. | आलु सुपरजोन | काभ्रेपलाञ्चोक | पनौती न.पा., धुलिखेल न.पा., बनेपा न.पा., पाँचखाल न.पा,. मन्डनदेउपुर न.पा,. नमोबुद्ध न.पा., बेथानचोक गा.पा. | | कार्यक्षेत्र भन्दा अन्य स्थानमा कार्यक्रम संचालन हुने छैन । |
| २. | गाई/भैसी जोन | काभ्रेपलाञ्चोक | पनौती न.पा., धुलिखेल न.पा., बनेपा न.पा., पाँचखाल न.पा., मन्डनदेउपुर न.पा., नमोबुद्ध न.पा., बेथानचोक गा.पा., रोशी गा.पा., भुम्लु गा.पा., चौरी देउराली गा.पा. | | |
| ३. | मकै जोन | सिन्धुपाल्चोक | सुनकोशी गा.पा. वडा नं. ४ र ६, बलेफी गा.पा. वडा नं. २, ३, ४ र ५, चौतारा साँगाचोकगढी न.पा. वडा नं. ४ देखि १४ सम्म, इन्द्रावती गा.पा. वडा नं ५ देखि १२ सम्म, मेलम्ची न.पा. वडा नं. १, २ १२ र १३ | | |
| ४. | गाई/भैसी जोन | सिन्धुपाल्चोक | सुनकोशी गा.पा., बलेफी गा.पा., चौतारा साँगाचोकगढी न.पा,. इन्द्रावती गा.पा., मेलम्ची न.पा., पाँचपोखरी थाङ्गपाल गा.पा., हेलम्बु गा.पा | | |

**संचालन हुने स्वीकृत कार्यक्रम/क्रियाकलापहरु :**

| क्र.सं. | कार्यक्रम/क्रियाकलापको नाम | इकाई | वार्षिक लक्ष्य | स्वीकृत बजेट रु. लाखमा |
|---|---|---|---|---|
| १ | **आलु सुपरजोन काभ्रे अन्तर्गत** | | | |
| १.१ | बीउ आलु आत्मनिर्भर कार्यक्रम | हेक्टर | 50 | 21.25 |
| १.२ | उन्नत प्रविधियुक्त आलुको क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | 60 | 51 |
| १.३ | आलुको बजारीकरण प्रवर्द्धन सहयोग कार्यक्रम (लेबलिङ्ग प्याकेजिङ्ग, ब्रान्डिङ्ग तथा अन्य) | पटक | 2 | 12.75 |
| १.४ | आलुको औधोगिक उत्पादन प्रवर्द्धन तथा बजारीकरण सहयोग कार्यक्रम | संख्या | 2 | 15 |
| १.५ | आलुको प्राथमिक भण्डारण तथा प्रशोधन संरचना सहयोग कार्यक्रम | संख्या | 2 | 20 |
| १.६ | बीउ आलु शित भण्डारण शूल्कमा सहयोग | मे.टन | 700 | 17.85 |
| २ | **मकै जोन सिन्धुपाल्चोक अन्तर्गत** | | | |
| २.१ | खाद्यान्न बालीको बीजवृद्धि कार्यक्रम (बीउ उत्पादन, लेबलिङ्ग, प्याकेजिङ्ग तथा बजारीकरण सहयोग, प्रचार प्रसार समेत) | हेक्टर | 35 | 17 |
| २.२ | उन्नत प्रविधिमा आधारित मकैको क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | 60 | 12.75 |
| २.३ | मकै भण्डारण पूर्वाधार निर्माण सहयोग | संख्या | 1 | 5 |
| २.४ | पोष्ट हार्भेष्ट हयाण्डलिङ्ग, प्रशोधन तथा बजारीकरण प्रवर्द्धन सहयोग | पटक | 2 | 15 |
| २.५ | स्वदेशी हाईब्रिड मकै उत्पादन प्रदर्शन तथा प्रविधि विस्तार | रोपनी | 50 | 3.4 |
| ३ | **गाईभैसी जोन काभ्रे र सिन्धुपाल्चोक तर्फ** | | | |
| ३.१ | गोठ सुधार कार्यक्रम | संख्या | 90 | 135 |
| ३.२ | दुग्ध चिस्यान केन्द्र स्थापना/सुदृढीकरण, प्रशोधन केन्द्र निर्माण/सुदृढीकरण | संख्या | 10 | 40 |
| ३.३ | दुग्धजन्य पदार्थको मूल्य अभिवृद्धि तथा बजारीकरण सहयोग कार्यक्रम | संख्या | 4 | 20 |
| ३.४ | गाईभैसीकालागि नश्ल सुधार कार्यक्रम | वटा | 8 | 8 |
| ३.५ | पशुरोग ब्यवस्थापन, भ्याक्सिन तथा उपचार सहयोग (दुग्ध उत्पादन सहयोग लागि उपचार सहयोग) | पटक | 2 | 3.4 |
| ४ | **सबै जोन, सुपरजोन क्षेत्र अन्तर्गत संचालन हुने** | | | |
| ४.१ | जोन सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रम | संख्या | 100 | 75 |
| ४.२ | साना सिंचाई पुर्वाधार निर्माण/सुधार कार्यक्रम | संख्या | 22 | 66 |
| ४.३ | आकस्मिक बाली संरक्षण सेवा अभियान सहयोग | पटक | 4 | 5.1 |
| ४.४ | प्रविधि प्रचार प्रसार, क्षमता अभिबृद्धि तालिम, गोष्ठी तथा प्रविधि प्रर्दशन, प्रविधि परिक्षण, भ्रमण सिकाई कार्यक्रम | पटक | 17 | 15.39 |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. कृषक समूह/सहकारी/समिति/उद्योग/कम्पनी/फर्म दर्ता तथा नवीकरण भएको प्रमाणको प्रतिलिपि ।
२. स्थायी लेखा नं./मुल्य अभिवृद्दिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा गत आ.ब.को करचुक्ता (म्याद समेत) प्रमाणपत्रको प्रतिलिपि ।
३. कार्यक्रम संञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गाधनी प्रमाणपूर्जा वा कागजातहरू वा भाडा/लिजको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौताको प्रतिलिपि ।
४. निवेदकको नागरिकता वा नेपाल सरकारद्बारा जारी फोटो सहितको परिचय खुल्ने कागजातको प्रतिलिपि ।
५. समूह/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि ।
६. विगतका आ.ब.मा परियोजनाबाट कार्यक्रम/क्रियाकलापहरू संचालन भएको भएमा के प्रतिफल/उपलब्धि प्राप्त भयो सोको विवरण

थप जानकारी चाहिएमा : **सम्पर्क नं** : **011-620125**(सिन्धुपाल्चोक), **011-662449** (काभ्रे), शृणुकुमारी झा : **9860645601** (दुवै जिल्ला)
**सिमोन चौधरी** : **9865197873** (सिन्धुपाल्चोक), अनिश भट्टराई : **9841104522** (काभ्रे)
**Email: pmamp.piu.sindhupalchok@gmail.com** **website: www.piusindhupalchowk.pmamp.gov.np**
**Facebook page:** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, सिन्धुपाल्चोक/काभ्रे

प्रस्ताव फारामको ढाँचा (अनुसुचि १० बमोजिम) माथि उल्लेखित कार्यालयको **website** बाट **download** गर्न सकिनेछ तथा बिस्तृत जानकारीको चाहिएमा कार्यालयको फोन नं. तथा **Email** मा सम्पर्क [illegible] किनेछ ।